# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौंट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:

मितिः २०७५।१२।५

श्री प्रमुखज्यू,
मर्स्याङ्दी गाउँपालिका,
लमजुङ्ग।

विषय:**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मर्स्याङ्दी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३० लाख ६५ हजार नियमित गर्नुपर्ने बेरुजू देखिएको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १०यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**मर्स्याङ्दी गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने मर्स्याङ्दी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ९ वडा, ४९ सभा सदस्य, ५९७.१२ व.की.मी.क्षेत्रफल, १८,७४९ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष-** आर्थिक वर्ष २०७४।७५ को स्थानीय संचित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५७१०३५२ | १ | चालु खर्च | | १९१९८७०६७ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | | ११९७८१५२८ |
| | ख) बैंक | ५७१०३५२.१ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ४२१७३८१ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४२१७३८१ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | ५४२९०० |
| | ग) अन्य आय | | | ४ | को.ले.नि.का. फिर्ता | | १११८१२४६ |
| ३ | वित्तीय हस्तान्तरण | | ३६२७०७६२४ | ५ | लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १७५७३८००० | | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | १३७२४४००० | | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | | | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | | | ६ | धरौटी फिर्ता | | |
| | ङ) सामाजिक सुरक्षा | ४५२९०००० | | ७ | कोष खर्च | | |
| | च) एलडिसिडिपि | १५६५७७५ | | ८ | मौज्दात | | ४९८८४१८२ |
| | छ) गरीवसंग विश्वेस्वर | ४२२००० | | | क) नगद मौज्दात | २९३३९९ | |
| | च) वातावरण विभाग | २४४७८४९ | | | ख) बैंक मौज्दात | ४९५९०७८३ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ० | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | | | | | | |
| | ग) समपूरक अनुदान | | | | | | |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | ० | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | | |
| १० | धरौटी आय | | १९८६६६ | | | | |
| १२ | अन्य विविध आय | | ५४२९०० | | | | |
| | जम्मा | | **३७३३७६९२३** | | जम्मा | | **३७३३७६९२३** |

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>● गाउँपालिकाले सेवाग्राहीहरुको सुविधाको लागि नागरिक बडापत्र राखेको भए तापनि पुरानो संरचना अनुसारको देखिएकोले नयाँ संरचनाअनुसार सुधार गर्नु पर्दछ ।<br>● गाउँपालिकाले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>● गाउँपालिकाले योजनागत/कार्यक्रमगत खर्च खाता राखेको छैन । जसले गर्दा योजनागत तथा कार्यक्रमगत खर्चको स्थिति सुनिश्चित गर्ने आधार देखिदैन । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।<br>● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने र कैफियत देखिएका विषयको कार्यान्वयन गर्ने व्यवस्था छ । गाउँपालिकाले जिन्सी निरीक्षण फाराम प्रमाणित गरी राखेको भए तापनि नियममा उल्लेख भए बमोजिमको व्यहोरा खुलाई निरीक्षणकर्ताले प्रतिवेदन नदिएकोले जिन्सी सम्पत्तिको भौतिक अवस्था सुनिश्चित हुन सकेको पाइएन । नियम बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन लिई सम्पत्तिको उचित व्यवस्थापन गर्नु पर्दछ ।<br>● सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । नियमको पालना हुनु पर्दछ ।<br>● अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।<br>● स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर फर्निचर, मेसिनरी औजार तथा कार्यालय सामानहरु खरिद कार्य गरेको देखिन्छ ।<br>● भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणको अभिलेख राख्नुपर्ने र भ्रमण प्रतिवेदन लिनुपर्ने व्यवस्थाको पालना गरेको देखिएन । भ्रमणमा जाने पदाधिकारी तथा कर्मचारीबाट अनुगमन प्रतिवेदन लिई समीक्षा गर्ने गरेको देखिएन । भ्रमणको अभिलेखहरु व्यवस्थित गरी प्रतिवेदनहरुको समिक्षा हुनु पर्दछ ।<br>● स्थानीय सरकार सञ्चालन नियमावली, २०७४मा गाउँ कार्यपालिका र गाउँसभाले गाउँपालिकाको नीति, बजेट, र कार्यक्रम तर्जुमा तथा स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ ले कार्यालय प्रमुखलाई | |

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | सम्पूर्ण आर्थिक कारोवारप्रति जिम्मेवार र जवाफदेही बनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले मालसामान तथा सेवा खरिद तथा निर्माण कार्यको लागि निश्चित कार्यविधिहरु अवलम्वन गर्नु पर्ने व्यवस्था गरेको छ। उल्लिखित व्यवस्थाको बावजुत गाउँपालिकाका सदस्यहरु आफैले कार्यालयको मालसामान खरिद गरी सोधभर्ना लिने, उपभोक्ता समिति गठन नगरी कार्यक्रमहरु सञ्चालन गर्ने, जस्ता कार्यमा सहभागी हुने गरेको पाइयो । आर्थिक कार्यविधि सम्वन्धी स्पष्ट कानून नबनाई पदाधिकारीहरुलाई गाउँपालिकाको आर्थिक क्रियाकलापमा प्रत्यक्ष सम्लग्न गराउन मिल्ने देखिंदैन । | |
| ३. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ। गाउँपालिकाले ससर्त तथा निशर्त अनुदान र आन्तरिक आय प्रक्षेपणको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको भए तापनि संघीय सरकारका विषयगत निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुलाई गाउँ विकास योजनामा समावेश गरेको पाइएन। यसले गाउँपालिका र विषयगत निकायहरुले गर्ने क्रियाकलापहरुमा दोहोरोपन आउनसक्ने स्थिति रहेको देखिन्छ। उदाहरणको लागि स्वास्थ्य संस्थाका लागि औषधी खरिद, कृषकहरुलाई बीउ/विरुवा वितरण, जस्ता क्रियाकलापहरु गाउँपालिका र विषयगत कार्यालयहरु दुवैबाट भएको देखिन्छ। यस्ता क्रियाकलापहरु समन्यात्मक रुपमा कार्यान्वयन र अनुगमन नहुँदा साधन स्रोतको दोहोरो प्रयोग हुने तथा अपेक्षित प्रतिफल प्राप्त नहुने भएकोले गाउँपालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४. | **स्थानीय तथ्याङ्क र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । प्रगति प्रतिवेदनको अभावमा लक्ष्य र प्रगतिको अवस्था तुलना गर्न नसकिने भएकोले नियम बमोजिमको प्रगति प्रतिवेदन तर्जुमा गरी बजेट, खर्च र उपलब्धीको समीक्षा गर्नु पर्दछ। | |
| ६. | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ। कार्यालयको एकिकृत आय-व्यय विवरण अनुसार यो बर्षको कुल आम्दानीमा खर्च कटाई रु. ४,९३,९४,४१६।४४ मौज्दात रहेकोमा बैङ्क खाताले रु. ६९,४०,२४५४।४४ मौज्दात देखाएको छ। कार्यालयले तयार गरेको बैङ्क हिसाव मिलान विवरणमा बैङ्क खातामा जम्मा हुन नपाएको मार्गस्थ रकम रु.३,७९,८३०।- उल्लेख भएकोमा कुन कुन रकम हो खुलाएको छैन । | |
| ७. | **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १९.७६ प्रतिशत, दोश्रो चौमासिकमा २३.४८ प्रतिशत र तेश्रो चौमासिकमा ५६.७६ प्रतिशत खर्च | |

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ४५.०३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ८. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ४४ रहेपनि पदपूर्ति १३ मात्र रहेको देखियो । ३१ पद रिक्त रहेकोमा १३ जना करारमा राखि कार्य संचालन गरिएको छ । गाउँ कार्यपालिका तथा वडाहरुमा दरवन्दी बमोजिमको आवश्यक कर्मचारी पदपूर्ति नहुँदा एकै कर्मचारीलाई एकभन्दा बढी कामको र श्रेणी विहिन कर्मचारीलाईसमेत माथिल्लो तहवाट गर्नुपर्ने कामको जिम्मेवारी दिन परेको पाइयो । यसबाट गाउँपालिकाले दिने सेवा प्रवाह प्रभावित हुने भएकोले आवश्यक कर्मचारीहरुको व्यवस्थाको लागि सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । | |

| क्र.सं. | विवरण | इकाई | स्वीकृत दरवन्दी | पदपुर्ती | | रिक्त |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | |
| १. | गाउँ कार्यपालिका | संख्या | १७ | ८ | १ | ८ |
| २. | वडा कार्यालय | संख्या | २७ | ५ | १२ | १० |
| | जम्मा | | ४४ | १३ | १३ | १८ |

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| ९. | **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्नसक्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुनेलगायतको आधारमाप्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले कार्यान्वयन गरेको योजना/कार्यक्रमहरुको विवरण निम्नानुसार छः | |

| वडा नं. | रु.१ लाख घटी | रु.१ लाख | रु.१ लाखभन्दा बढी देखि ५ लाखसम्म | रु.५ लाखभन्दा बढी देखि १० लाखसम्म | रु.१० लाख बढीका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५ | ३ | ९ | २ | १ | २० |
| २ | १ | ३ | ११ | ३ | १ | १९ |
| ३ | ६ | ११ | २० | ३ | २ | ४२ |
| ४ | १ | ७ | १९ | १ | १ | २९ |
| ५ | २ | १७ | १७ | १ | १ | ३८ |
| ६ | ५ | १ | १९ | ३ | १ | २९ |
| ७ | ४ | १० | १७ | ४ | ० | ३५ |
| ८ | २ | १० | १४ | २ | २ | ३० |
| ९ | १६ | १८ | २८ | ३ | ० | ६५ |
| नख'ल्ने | ० | ३ | ३९ | ८ | ९ | ५९ |
| जम्मा | ४२ | ८३ | १९३ | ३० | १८ | ३६६ |

गाउँपालिकाले यो वर्षको उल्लिखित आधार एवं प्रकृया अवलम्वन नगरी ९ वडाहरुको लागि ३६६ योजना छनौट गरेको छ । धेरै संख्यामा योजना छनौट गर्दा बजेट स-साना टुक्रामा खण्डिकरण भै लगानीको प्रतिफल नदेखिने, प्राविधिक रेखदेख न्यून भै गुणस्तरीय काम हुन नसक्ने र प्रशासकीय कार्यबोझ बृद्धि हुने भएकोले प्राथमिकता सम्वन्धी मापदण्ड र प्राविधिक तथा प्रशासकीय क्षमता बमोजिमको योजना छनौट हुनु पर्दछ ।

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

१०. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिहरुले माटो खन्ने पुर्ने कार्यसंग सम्वन्धित खेलमैदान निर्माण, सडकको ट्रयाक खोल्ने, नयाँ निर्माण र विस्तार गर्ने एवं मर्मत संभार गर्ने लगायतका सवै योजनामा डोजर, एक्साभेटर जस्ता भारी उपकरणहरुको अत्यधिक प्रयोग भएको केही उदाहरण निम्नानुसार छ।

| गो.भौ.नं. | मिति | योजनाको नाम | मुल्याङ्कन रकम | अनुदान रकम |
|---|---|---|---|---|
| ४०७ | २०७५.३.२५ | नस्कुच्चे-पुरानो जगत-च्याम्चे मोटर बाटो | ११५६०९६.०० | ९७६३५४.०० |
| ४०८ | २०७५.३.२५ | खुदी-सिउरुङ्ग सडक स्तरोन्नती | ३५३०१५०.०० | २६९४५१४.०० |
| ४१० | २०७५.३.२५ | ढाँड खेलमैदान | १०५८३३.०० | ८८१२४.०० |
| ४३३ | २०७५.३.२७ | खुदी-सिम्पानी-घलेगाउँ सडक | ७४६९४५.०० | ६२०४५९.०० |
| ४४४ | २०७५.३.२८ | सिम्पानी खेलमैदान | १२५११७.०० | १०००००.०० |
| ४५९ | २०७५.३.२८ | सेग्ले खेल मैदान | ३५०६८६.०० | २९७६२९.०० |
| | | जम्मा | ६०१४८२७.०० | ४७७७०८०.०० |

उपभोक्ता समितिले निर्माण व्यवसायीहरुसंग सोझै भाडा संझौता गरी डोजर/एक्साभेटर प्रयोग गरेबाट स्थानीय साधन/श्रमको उपयोग हुन नसकेको, वातावरणमा विनास भएको र अप्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई ठेक्का हस्तान्तरण हुन गएको देखिन्छ। अतः उपभोक्ता समितिको क्षमताभित्रका कार्यमात्र सो समितिबाट गराई भारी उपकरण प्रयोग हुने र जटिल प्रकृतिका कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम प्रतिस्पर्धा गराई गर्नु पर्दछ।

११. **अधुरो निर्माण कार्यः** गाउँ कार्यपालिकाले उपभोक्ता समिति मार्फत गरेको विभिन्न निर्माण कार्य संझौता अनुसार पुरा नगरे तापनि सम्पन्न कामको मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी योजना फरफारक गर्ने गरेको केही उदहरण निम्नानुसार छन्:

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | अनुदान पाउने रकम | सम्पन्न कामको मुल्याङ्कन | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४३१/२०७५.३.२७ | सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण | ८८०८६७.०० | ७०००००.०० | ७४२४४०.०० | ५६१६७२.०० |
| ४४४/२०७५.३.२८ | राधाकृष्ण आमा समूह भवन | ५०१५८४.०० | ४०००००.०० | १९९०६८.०० | १५८७६०.०० |
| ४४९/२०७५.३.२८ | श्रीचौर-तल्लोचिप्ला मोटरबाटो | ८२४२४६.०० | ७०००००.०० | १८४९६१.०० | १५७०२२.०० |
| ४५४/२०७५.३.२८ | मस्याङ्दी बाटो मर्मत | २३७५३३.०० | २०००००.०० | १०७३८४.०० | ६९८५०.०० |
| ४६०/२०७५.३.२८ | सामुदायिक स्वावस्थ्य इकाइ भवन निर्माण | १००५९७२.०० | ८०००००.०० | ४८४४६२.०० | ४२०८००.०० |
| ४७९/२०७५.३.३१ | लाम्पाटा सामुदायिक भवन | ३१३४६६.०० | २५००००.०० | २७०६१२.०० | २२३००००.०० |

गाउँपालिकाले काम अनुसारको लागत अनुमान नवनाई बजेट विनियोजनको हाराहारीमा तयार गरेको र सोमध्ये पनि अधुरो अवस्थामा काम सम्पन्न गरेकोले निर्मित संरचना पूर्ण रुपमा उपयोगमा आउन नसकी लगानी खेर जानसक्ने

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>अवस्था देखिन्छ । यसमा सुधार गरी निर्माण कार्य पुरा हुने गरी लागत अनुमान र विनियोजन गरी निर्माण संझौता गर्ने र संझोता अनुसार काम नगर्ने उपभोक्ता समितिको अभिलेख राख्ने व्यवस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>मापदण्डः अनुदान प्रकृतिको कार्यक्रम सञ्चालन गर्दा निश्चित मापदण्ड तथा कार्यविधिको आधारमा लाभग्राही छनौट गर्नु पर्दछ । गाउँपालिकाले विभिन्न अनुदानको लागि लाभग्राही छनौटको आधार तय नगरी अनुदान दिने गरेको केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>योजनाको नाम</th><th>लाभग्राही संख्या</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>४०५/२०७५.३.२५</td><td>भकारो सुधार कार्यक्रम</td><td>२</td><td>३०००००.००</td><td></td></tr>
<tr><td>४६९/२०७५.३.३१</td><td>सोलार सेट वितरण</td><td>२</td><td>१०००००.००</td><td>लाभग्राही नखुलाई ‘वितरण भैसकेको’ भन्ने व्यहोराको वडा कार्यालयको पत्रको आधारमा भुक्तानी गरेको</td></tr>
</table>
मापदण्ड वेगर लाभग्राही छनौट गर्दा छनौट प्रक्रिया पारदर्शी नहुने र राज्यवाट उपलब्ध हुने स्रोत साधनमा समान पहुँच सुनिश्चित नहुने भएकोले मापदण्ड र प्रक्रियाको आधारमा अनुदान उपलब्ध गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, फर्निचर, औजार उपकरण, कम्प्युटर, ल्यापटप, प्रिन्टर जस्ता समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>१६.</td><td>कर कट्टीको जानकारीः आयकर ऐन, २०५८को दफा ९०मा अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नुपर्ने उल्लेख</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | छ। गाउँपालिकाले उपभोक्ता समितिहरुबाट भुक्तानीको सिलसिलामा कर कट्टी गरी राजस्वमा दाखिला गर्ने गरेकोमा सोको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई पठाउने गरेको देखिएन । | |
| १७. | **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष अवकाश कोषको लागि बजेट व्यवस्था गरेको र दाखिला गरेको देखिएन । | |
| १८. | **सामुदायिक भवनः** यो वर्ष यस प्रकारको ५३ सामुदायिक भवन निर्माण तथा मर्मतको लागि रु.७५ हजार देखि रु.८ लाखसम्मको दरले अनुदान उपलब्ध गराएकोमा संस्थाले जग्गाको स्वामीत्व प्राप्त गरेको प्रमाण पेश गरेको छैन । सामुदायिक भवन निर्माणको लागि सम्वन्धित संस्थाको स्वामित्वमा जग्गा रहे नरहेको सुनिश्चित नगरी अनुदान उपलब्ध गराउदा सार्वजनिक जमिन, बनक्षेत्र तथा सरकारी जमिन अतिक्रमण हुने र भविष्यमा स्वामीत्व सम्वन्धी विवाद समेत आउन सक्ने भएकोले गाउँपालिकाले ध्यान दिनुपर्ने दिनुपर्दछ । | |
| १९. | **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । यसले गर्दा सडक सीमा, बन, सरकारी तथा सार्वजनिक अतिक्रमणबाट जोगाउन र व्यवस्थित तथा सुरक्षित बसोवासको लागि नक्सापास सम्वन्धी कार्यविधि बनाई क्रमशः लागू गर्नु पर्दछ । | |
| २०. | **आन्तरिक आयः** गाउँसभाले यो वार्ष रु.२५ लाख आन्तरिक आय प्राप्त हुने एकमुष्ठ प्रक्षेपण गरेकोमा रु.४२,१७,३८१।- यथार्थ असुल गरी प्रक्षेपणको तुलनामा १६८.६९ प्रतिशत आम्दानी प्राप्त गरेको स्थिति छ । उल्लिखित आय सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् | |
| २०.१. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले व्यवसायीहरुको लगत राखी कर संकलन गरेको पाईएन। गाउँपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २०.२. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। गाउँपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट आय प्राप्त भएको देखिएन । गाउँपालिकाले यातायात व्यवस्था कार्यालयसंग समन्वय गरी सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउनु पर्दछ । | |
| २०.३. | आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सो को भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ। गाउँपालिकाले राजस्व आम्दानीको तथा दाखिलाको म.ले.प.फा.नं. १०८, २३ र १० व्यवस्थित गरी राखेको छैन । यसवाट स्थानीय तहले देखाएको आन्तरिक आय (गाउँपालिका र वडाहरुको समेत) रु ४२,१७,३८१।००यथार्थ हो हैन भिडान गर्न सकिएन। आन्तरिक आयको अभिलेखहरु व्यवस्थित गरी प्रमाणित गरी राख्नु पर्दछ । | |

| दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| २१. | **सामाजिक सुरक्षा:** यो वार्ष सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत रु.४,५२,९०,०००।- भुक्तानी गरेकोमा सो सम्वन्धी देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:<br><br>क)सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८( ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ। केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाउँपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन ।<br><br>ख) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्याविधि अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अभिलेखको लागि स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम आइ एस मा प्रविष्टि गर्नुपर्नेमा कार्यालयले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अभिलेख नियमानुसार राखेको पाइएन भने तोकिएको एम आइ एस मा समेत प्रविष्टि गरेको पाइएन। यसरी नियममा भएको व्यवस्था अनुरुप कार्य नगर्दा लाभग्राहीको एकिन पहिचान नहुने र सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रभावकारी र पारदर्शी समेत नहुने हुँदा नियमको परिपालना गरी अभिलेखलाई अद्यावधिक गराई राख्न कार्यालयको विशेष ध्यान जानुपर्ने देखिन्छ। | |
| २२. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उल्लिखित विद्युतीय प्रणालीमा लेखा राखेको पाइएन। आर्थिक कारोवारको लेखालाई बढी शुद्ध र पारदर्शी बनाउन प्रविधिको अधिकतम उपयोग गर्नुपर्दछ। | |
| २३. | **सार्वजनिक परीक्षण तथा सुनुवाइः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी वनाउन कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष सञ्चालिन कार्यक्रमको सामजिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको पाइएन। गाउँपालिकाबाट सञ्चालित कार्यक्रमलाई बढी पारदर्शी बनाउन सार्वजनिक परीक्षण, सामजिक परीक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनु पर्दछ। | |
| २४. | **सुविधाः** गण्डकी प्रदेश सरकारले मिति २०७५।१।२४को प्रदेश राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा गाउँपालिकाका पदाधिकारीहरुले २०७४ श्रावण देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, तर बैठक भत्ताको व्यवस्था गरेको छैन। साविकमा गाउँपालिकाका पदाधिकारीहरुलाई बैठक भत्ता उपलब्ध गराउदै आएकोमा उक्त राजपत्रको आधारमा २०७४ श्रावण देखि २०७५ आषाढसम्मको पारिश्रमिक रु.५३,८२,०००।- भुक्तानी गरेको छ। सुविधा भुक्तानी गर्दा राजपत्रमा सूचना प्रकाशन हुनु पूर्वको बैठक भत्ता कट्टी गरेको देखिएन। पदाधिकारीहरुलाई मासिक सुविधा उपलब्ध गराइसकेपछि पनि गाउँसभा, गाउँसभा, गाउँ कार्यपालिका र वडा समितिको बैठकको लागि रु.२४,३३,८९०।- र वडा अनुगमन समितिको बैठकको लागि रु.६,३१,०००।-समेत गाउँपालिकाले बैठक भत्तामा यो वर्ष रु.३०,६४,९८०।- खर्च गरेको छ। कानूनले व्यवस्था नगरेको बैठक भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको रु. | 30,64,98<br>0/- |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२५.</td><td>स्थानीय भत्ता : आर्थिक वर्ष ०७४।७५ को लागि कार्यालयले निजामती कर्मचारी र स्वास्थ्य तर्फका कर्मचारीहरुलाई रु.११,८५,२०८।- स्थानीय भत्ता भुक्तानी गरेको पाइयो । यसरी स्थानिय भत्ता भुक्तानी गर्दा नियममा व्यवस्था भए बमोजिमको भत्ता भुक्तानी दिनुपर्नेमा कुन कर्मचारी स्थानीय वा अन्य हो सोको कुनै विवरण खुलाइएको पाइएन सो सम्बन्धमा एकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>सवारी भाडा : गाउँपालिकाले कार्यालय प्रयोजनको लागि सम्झौताको माध्यमवाट निम्न सवारी धनीसंग दैनिक रु.४०००।-(वहाल कर सहित) मा काम गराए बापत जम्मा रु.६९६०००।- भुक्तानी दिएको देखिन्छ । यसरी पटक पटक प्रयोग गर्नुपर्दा प्रयोग गरेको मिति, प्रयोगको उद्देश्य, प्रयोग गर्ने पदाधिकारी लगायतका व्यहोरा खुलाई अभिलेख राखेको पाइएन । गाउँपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको अवस्थामा यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययीता अपनाउन आवश्यक देखिन्छ ।
<table>
<tr><th>भौ.। मिति</th><th>विवरण</th><th>अवधि</th><th>दैनिक रकम</th><th>जम्मा रकम</th></tr>
<tr><td>६९/ २०७४/१०/२१</td><td>सवारी साधान भाडामा (ग.१ च.९७६६ ईश्रफिल मियान)</td><td>२०७४।७।१ देखि २०७४ पौष मसान्त सम्म ५७ दिन</td><td>४०००/-</td><td>२२८०००.००</td></tr>
<tr><td>१४१/ २०७५/१/२३</td><td>सवारी साधान भाडामा (ग.१ च.९७६६ लेखमान कतिला)</td><td>२०७४।१०।१ देखि २०७४ चैत्र मसान्त सम्म ६२ दिन</td><td>४०००/-</td><td>२४८०००.००</td></tr>
<tr><td>२१२/ २०७५/३/३२</td><td>,,</td><td>२०७५।१।१ देखि २०७५ आषाढ मसान्त सम्म ५५ दिन</td><td>४०००/-</td><td>२२००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>६९६०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>छात्र बृत्ति : गाउँपालिका अन्तरगत बिद्यालयहरुलाई छात्रबृत्ति रु.९,७१,४००।०० र पाठ्यपुस्तकको रु १२,१०,३५२।०० समेत जम्मा रु २१,८१,७५३।०० अनुदान स्वरुप खर्च लेखेकोमा वितरण गरेको विल भरपाई पेश नभएकोले भुक्तानी भएको रकम एकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>२८.</td><td>गत आर्थिक बर्षको पेश्की : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ मा पेश्की फछ्र्यौट सम्वन्धी व्यवस्था रहेको छ । आर्थिक बर्ष २०७३।२०७४ सम्ममा पनि फछ्र्यौट नभै बाकी रहेको पेश्की रु १५३६१०।०० यस आर्थिक बर्षमा सारेको देखिएन । उक्त पेश्की नियमावली अनुसार फछ्र्यौट हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>न्याय सम्पादन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ४९(१२) मा न्यायिक समतिले विवादको निवेदनमा कारवाही र किनारा लगायतको कार्यविधि स्थानीय कानून बमोजिम हुने उल्लेख छ । गाउँपालिकाले कानून बमोजिम न्यायिक समिति गठन गरेको र समितिमा १५ निवेदन पर्न आएकोमा ११वटामा मिलापत्र भै टुगिएको र बाँकी ४ निवेदन न्यायीक निकायमा पठाएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>वित्तीय जवाफदेहिताः कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयको वित्तीय जवाफदेहिताको स्तर ‘बि’ रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.३ लाख २६ हजार, अनियमित बेरुजू रु.३०लाख ६५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.४६ लाख ६७ हजारसमेत रु. ८० लाख ५८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.४९ लाख ९३ हजार फछ्र्यौट भई रु.३० लाख ६५ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । गाउँपालिकाले विगतको बेरुजू फछ्र्यौट गरेको देखिएन ।
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td>१,७५,०००/-</td><td>१७५३०.००</td><td>१५७४७०/-</td></tr></table></td><td></td></tr>
<tr><td>३३.</td><td>अद्यावधिक बेरुजु स्थिति : गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</td><td>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</td><td>यो वर्षको कायम बेरुजु रु. (E)</td><td>बाँकी (F= C+D+E)</td></tr>
<tr><td>१,५७,४७०/-</td><td>०</td><td>३०,६४,९८०/-</td><td>३२,२२,४५०/-</td></tr>
</table></td><td></td></tr>
</table>